**परिचय**

वास्तवमा एउटा स्वस्थ र जिवन्त समाज निर्माण गर्नको लागि युवा वर्गको महत्वपुर्ण भुमिका हुने कुरामा दुईमत नहोला । परम्परागत रुढीगत कु-संस्काररहरुले समाजको हरेक क्षेत्रलाई प्रभावित पारेको अवस्थामा युवाहरुपनि अन्यौल ग्रस्त भएर वाच्न बिवश भएको परिस्थीतिमा श्रृजनशिल समाजको रुपान्तरका लागि युवाहरुलाई गोलवद्ध गरि अघि बढाउनको लागि नेपाल अधिराज्य संबिधान एवं कानुन निति नियमप्रति पुर्ण सर्मपण एवं आस्थावान रहि २०६२ सालमा सबल नेपाल नामको सामाजिक संस्थाको गठन गरिएको हो ।

**दुर दृष्टि**

फराकिलो दृष्टिकोणले समाजलाई बिश्लेषण गरेर समुदायमा सामुहिक भावनाले अघि बढने मानसिक्ताको बिकास गर्दै युवाहरुमा आत्मनिर्णय गर्ने क्षमताको बिकास गर्दै जस्तो सुकै प्रतिकुल परिस्थीतिमा पनि सही निर्णय गर्न सक्ने स्वस्थ समाजको निर्माण गरि युवाहरुमा सामाजिक संघसंस्था प्रति जिम्मेवारी र जवाफदेहीको भावना बिकसीत गराई असल/बिश्वासिलो गैसस को रुपमा सबल नेपाललाई दिर्घकालिन रुपमा स्थापित गर्नेछौं ।

लक्षित वर्ग

- ⇒ बालबालिका तथा समुदायका ब्यक्तिहरु ।
- ⇒ अभिभावक एवं समाजको अग्रज बिद्वत वर्गहरु ।
- ⇒ गरिव,दलित,अपांग तथा पछाडि पारिएका समुदाय ।
- ⇒ गैसस तथा अन्य संघ संस्था ।
- ⇒ स्थानिय निकाय सरकारी कार्यालय एवं नागरिक समाज ।
- ⇒ बिद्यालय,शिक्षक,बिद्यार्थी तथा अभिभावकहरु ।
- ⇒ युवा, युवती तथा बुद्धीजिविहरु ।
- ⇒ सडकमा जिवन बिताउने खाते बालबालिकाहरु ।

**मुख्य कार्यक्रम र कृयाक्लापहरु ( सम्पादित र सन्चालित )**

सबल नेपाल राजबिराजद्धारा संचालित कार्यक्रमहरुको संक्षिप्त बिवरण :

☞ ANNEX कार्यक्रम

शिक्षित युवा बेरोजगारहरुलाई शिपमुलक रोजगार उपलब्ध गराउने उद्धेश्यले, CTEVT प.बि.मा.बि.राजबिराज संग समन्वय गरेर १०० जना भन्दा बढि शिक्षित बेरोजगार युवायवतीहरुलाई कम्पुटर, इलेक्ट्रिसियन जस्ता तालीम प्राप्त गर्ने अवसर प्रदान गरि उनिहरुलाई आत्मनिर्भरताको लागि सक्षम बनाएको ।

☞ युवा सचेतना

जिल्लाका बिभिन्न गा.बि.स.हरुका बिद्यालयमा अध्यनरत लगभग आठसय छात्रछात्राहरुलाई परिवार नियोजन एवं नेपाल रेडक्रस सोसाइटीको सहयोगमा चेतना मुलक कार्यक्रमद्धारा प्रजनन स्वास्थ्य, यौन रोंग एवं एच.आई.भि. र एड्स बारे सचेतना गराइएको ।

☞ अभिभावक भेला कार्यक्रम

युनिसेफ बिराटनगर एवं सामुदायिक बिकास केन्द्र पत्थरगाढा संगको सहकार्यमा बालबालिका हेरचाह र जिम्मेवारीत्वको जाकारी आयोडिनको प्रयोग एवं सरसफाइको महत्वका साथ साथै अनय चेतनामूलक जानकारी जिल्लाका बिभिन्न गा.बि.स.हरुमा गराउदै ब्यवहारमा परिवर्तन ल्याउने कार्य गरेको ।

☞ SLTS/SSHE

गा.बि.स.हरुलाई खुल्ला दिसामुक्त क्षेत्र बनाउनको लागि उकाव कार्यक्रम लागु भएका १६ वटा गा.बि.सहरुमा पुर्ण सरसफाइ तथा सामुदायिक शिक्षामा आधारित कार्यक्रमहरु अर्न्तगत बिद्यालयको अगुवाईमा बिद्यालयमा चर्पी निर्माण कार्य तथा सामुदायिक चर्पी निर्माण कार्य युनिसेफको सहयोगमा सन्चालित रहेको । जस अर्न्तगत नेपालमै पहिलो तराईको गा.बि.स.खुल्ला दिसा मुक्त क्षेत्रको रुपमा गा.बि.स.बिषहरियाको दमावति टोलमा १०४ घरमा चर्पी बनाई मिति २०६४।१०।२८ गते घोषणा गरिनुको साथ साथै बकधुवा गा.बि.स.को मोहनपुर क्षेत्र, गा.बि.स.रायपुरको राम टोलमा समेत खुल्ला दिसा मुक्त क्षेत्रको घोषणा गरियो । सहश्राब्दी लक्ष्य प्राप्तीका लागि जिल्लाका बिभिन्न गा.बि.स.लाई नै सुबिधा मुक्त क्षेत्र घोषणामा केन्द्रित भई कार्य गर्दैआईरहेका छौ ।

☞ पानी शुद्धिकरण

असुरक्षि पानि तथा फोहर हातका माध्यमले लाग्ने रोगबाट बाच्न सचेतना तथा राहत बितरण कार्यक्रम अर्न्तगत युनिसेफ नेपाल/एन्फो नेपालको सहयोगमा सप्तरीका बिभिन्न गा.बि.स.हरुका स्वास्थ्य स्वंयसेविकाहरुलाई पानि शुद्धिकरण सम्वन्धि तालिम दिई तिनीहरुकै माध्यमबाट शुद्धिकरणका सामाग्रीहरु जस्तै:वाटरगार्ड, पियुस, साबुन जस्ता सामाग्रीहरु बित्तरण गरि त्यसको प्रयोग सम्बन्धि जानकारी दिईयो ।जस बाट हजारौ घर-परिवार लाभान्वित भई पानीजन्य रोगबाट हुने क्षतिमा न्युनिकरण भयो ।

☞ युवा सुचना केन्द्र

राजबिराज नगरपालिका भित्र रहेको सम्पुर्ण उच्च माध्यमिक बिद्यालयहरुका छात्र-छात्राहरुलाई UNFPA तथा जिल्ला जनस्वास्थय कार्यालय सप्तरीको सहयोगमा यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि ब्यापक छलफल गरेर स्वास्थ्य सम्बन्धि सुचना आदान प्रदान गरिएको ।

☞ सप्तकोशी बाढिपिडितहरुको लागि राहत्त कार्यक्रम

भदौं २ गते सप्तकोशीको बाध फुटेपछि आएको बिपत्तिलाई नियन्त्रण गर्न बाढि आएको तेश्रो दिन देखिनै महामारी रोक्नका लागि आवश्यक पानि शुद्धिकरणका सामाग्रीहरु (Water Guard,Piyush,Piur,Aqua Tab, Bucket, Mug) तत्काल सबल नेपालबाट स्वयंसेवकको रुपमा बित्तराण तथा सो को प्रयोग बारे जानकारी गराईयो तथा युनिसेफको सहयोगमा बाढिपिडितहरुलाई सरसफाइ सम्बन्धि Hygiene Kit तथा बिभिन्न सरसफाइ सम्बन्धि जनचेतना मुलक कार्यक्रमहरु तथा चर्पी ६०० (६ सय ) थान, ट्यूवेल प्लेटफार्म सहित ३१० (तिन सय दश) थान, फोहर संकलन स्थान (Garbage Pit) २५० (दुई सय पचास) स्थानमा, स्नान घर ३१० (तिन सय दश थान ) निर्माण कार्य ३ महिना भित्रमा सम्पन्न गरिसकेको । जसबाट सरसफाइको अभावका कारण फैलने महामारी नियन्त्रण भयो साथै उनीहरुको जनचेतनामा अभिवृद्धि भई ब्यवहारमा समेत परिवर्तन भयो ।

☞ WASH मानविय क्षमता अभिवृद्धि कार्यक्रम

Oxfam Gb Nepal को सहयोगमा सप्तरी जिल्लाको बाढि बाट अति प्रभावित १० गा.बि.स.हरुमा स्थानिय समुदायको ब्यक्तिहरुको बाढि आउनु पुर्वको सर्तकता एवं उनीहरुको क्षमता अभिवृद्धि गर्न यो कार्यक्रम संचालन गरियो जस अर्न्तगत हजारौ स्थानियहरु यसबाट लाभान्वित भए ।

☞ Situation Assisment of solid waste Manegment

Seam N Nepal को सहयोगमा संचालित कार्यक्रम अर्न्तगत राजबिराज नगरपालिकाको १० वटै वडाहरु तथा निजी र सार्वजनिक अस्पतालहरुमा रहेको जैबिक/अजैबिक फोहोरको अवस्थाको घरधुरी सर्भेक्षण तथा ठोस फोहोर ब्यवस्थापन सम्बन्धि जानकारी एवं चेतना प्रदान गरियो ।

☞ Peace, Human Rights & Civic Education

Unicef/Save The Children/DDC को सहयोगमा संचालित कार्यक्रम अर्न्तगत सप्तरी जिल्लाका १५ गा.बि.स.का १५ बिद्यालयमा शान्ति, मानवअधिकार र नागरिक शिक्षा सम्बन्धि नयाा ज्ञान शिप र धारणामा परिवर्तन ल्याउन तथा समाजमा शान्ति स्थापनाका लागि बालबालिकालाई नेतृत्व गर्न सक्ने क्षमतामा अभिवृद्धि गर्ने/गराउने ।

☞ LGCDP

जि.बि.स.सप्तरीको सहयोगमाको बंचितिकरणमा परेका/पछाडि पारिएका तथा दलित बर्गहरु जसमा चेतनाको कमी/अशिक्षा जस्ता कुराहरुबाट उनीहरु पछाडि परि स्थानिय श्रोत र साधनमा पनि पहुच नभएका/आफुले पाउनु पर्ने सेवा सुबिधा र अधिकारबाट बंचित भएका वर्गहरुलाई सचेत, संगठित र सशक्तिकरण गरि आफनो हक अधिकार प्राप्त गर्न सक्षम बनाउने तथा सबैको समान पहुच गर्नु/गराउनु ।

☞ CBDRR

Unicef/DDC को सहयोगमा संचालित कार्यक्रम अर्न्तगत सप्तरी जिल्लाको गा.बि.स.योगनिया २ अर्न्तगतका वडा नं. ८ र ७ पर्ने सकरदही बस्तीमा केन्द्रित समुदायमा आधारित बिपत न्युनिकरण कार्यक्रम संचालीत कार्यक्रम अर्न्तगत प्रकोप प्रभावित समुदायलाई प्रकोपबाट हुने जोखिम तथा क्षति न्त्रयुनिकरणका लागि पुर्व तयारी तथा उक्त समुदायका ब्यक्तिहरुको क्षमतामा अभिवृद्धि गराई मानवीय क्षति न्युनिकरण गर्ने/गराउने ।

☞ Alternative Energy (SOLAR)

हाल हुदै आएको बनबिनाशमा कमि/वातावरण प्रदुषण नियुनिकरण/लोडसेडिबाट हुने कठिनाई/बिजुली पहुच नभएको स्थानमा बैकल्पिक उर्जा प्रबर्द्धनका लागि सोलार बत्ति तथा अन्य सुबिधाहरु स्थानिय स्तरमा उपलब्ध गर्ने/गराउने ।

☞ ODF Programme in Municipality

स्थानिय बिकास मंत्रालय, राजबिराज नगरपालिका तथा युनिसेफको सहयोगमा रा.बि.न.पा.२ लगायतका वडाहरुमा खुल्ला दिसा मुक्त क्षेत्र घोषणा कार्यक्रम अर्न्तगत रा.बि.न.पा.वडा नं.२ लाई खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गरि अन्य वडाहरुमा समेत घोषणा गर्ने कार्यक्रम रहेको ।

**संस्थाको उदेश्य**

- ⇒ मानव अधिकार, महिला तथा बालबालिकाको हक अधिकार संरक्षण गर्न, जनचेतना अभिवृद्धि गर्न तर्फ प्रभावकारी कार्यक्रम संचालन गर्ने ।
- ⇒ बालश्रम, बालशोषण सम्बन्धि तथ्यांक संकलन, पुर्नस्थापना तथा प्रभावित बालबालिकाको शिक्षाको साथै बालहित सम्बन्धि बिबिध बिषय बस्तु एवं समस्याको पहिचान गरि आवश्यक पर्ने कार्यक्रमको रुपरेखा तयार गरि प्रभावकारी कायंकम संचालन गर्न एवं बाल गतिबिधीहरु बाल क्लव लगायतका कार्यक्रमहरु संचालन गरि सक्षम नागरिक बन्ने अवसर प्रदान गर्ने ।
- ⇒ महिला शोषणहरुको अन्तय दाईजो प्रथाको अन्त्य तथा चेलीबेटी बेचबिखन रोकथाम तथा महिला शसक्तिकरण कार्यकमको रुपरेखा तयार गरि कार्यक्रम संचालन गरि महिला अधिकार संरक्षण गर्ने ।
- ⇒ सामाजिक बिकृति एवं रुढीगत अन्धबिश्वास, बोक्सीको आरोप जस्ता अनेकौ बिकृति एवं दलितको नाममा पिछडियाइएका बर्गका लागि बिशेष कार्यकम तर्जुमा गरि जिवन स्तर उकास्ने तर्फ सकिय कार्यक्रम संचालन गर्ने ।
- ⇒ महिला एवं बिपन्न वर्गका लागि शिपमुलक एवं क्षमता बिकासका कार्यक्रम संचालन गर्ने ।
- ⇒ जनतामा स्वालम्बनका कार्यक्रम संचालन गर्ने ।
- ⇒ महामारी एवं प्राणघातक रोगबाट बाच्न जनचेतनाको अभिवृद्धिको लागि स्वास्थ्य र सरसफाइ सम्बन्धि कार्यक्रम संचालन गर्ने ।
- ⇒ सरसफाइ बातावरण संरक्षण दैबिप्रकोप एवं सोबाट प्रभावितको लागि पुर्नस्थापना जस्ता कृयाक्लाप संचालन गर्ने ।
- ⇒ अयोग्यहरुका लागि सिपमुलक एवं अन्य आवश्यक गतिबिधि कृयाक्लापहरु संचालन गर्ने ।
- ⇒ कृषि क्षेत्र मार्फत समुदायको जिवनस्तर उकास्ने बिभिन्न प्रभावकारी कृयाक्लापहरु संचालन गर्ने/गराउने ।

**उपलब्ध जनशक्तिहरु :**

सबल नेपाल राजबिराज संग देहाय बमोजिमका बिषयहरुको तालिम सहजिकरण गर्न सक्ने जनशक्ति रहेका छन् ।

प्रशिक्षक बिकास, प्रशिक्षक प्रशिक्षण, सरसफाइ तथा स्वास्थय शिक्षा, HIV/AIDS & S.R.SH., DAG MAPPING, Blood Motivator Facilitator, Child Rights, Peer Eduacation, Street Business Toolkit, पत्रकारिता, Disaster, Self Development, Report Writing, Proposal Writing, Capacity Loading, Pocap, Aoorecati Inquiry, P.R.A., Life Skill, E.C.D., C.M.P., Movilizer, Mc Training, U.S.P., VSP, Social Marketing, सरसफाइ आधारभुत, पोषण, जेन्डर, बाल अधिकार/महिला अधिकार, जिवन सुरक्षित मातृत्व, आधारभुत सर्भेक्षण, सबिधान सभा ।

साझेदार संस्था/कार्यक्रम/निकायहरु

- ☞ युनिसेफ नेपाल क्षेत्रिय कार्यालय बिराटनगर
- ☞ एन्फो नेपाल काठमाण्डौं
- ☞ ग्रामिण सामुदायिक बिकास केन्द्र, सर्लाही
- ☞ जि.बि.स.को कार्यालय, सप्तरी

दर्ता/आवद्धता

- ☞ जि.बि.स.को कार्यलय सप्तरी
- ☞ जिल्ला प्रसासन कार्यालय, सप्तरी

अर्थिक श्रोत :

- ● सदस्यता शुल्क
- ● तालिम हाल संचालन बापत
- ☞ एनेक्स कार्यकम(सि.टि.इ.भि.टी)
- ☞ जिल्ला शिक्षा कार्यालय, सप्तरी
- ☞ PARHI(DPHO)
- ☞ स्थानिय गैससहरु
- ☞ सेभ द चिल्ड्रेन
- ☞ समाज कल्याण परिषद, काठमाण्डौ
- ● संस्थागत सहयोग
- ● सहयोगी संस्था/परियोजना
- ● आर्थिक सहयोग

## "जकर घरमे चर्पी नै, ओकर घरमे शादी नै"

### प्रमुख कार्यक्रमहरूका दृश्य :



अन्तमा.............

सबल नेपाल एक युवाहरूको जमात रहेको माथि पढी सक्नु भयो तसर्थ देशको बिकासमा युवाहरूको संगठित सतप्रयास एवं समुदायको सशक्त सहयोगमा बिभिन्न निकायको सहयोगमा,बिभिन्न निकायको सहयोगबाट समाजिक बिकासमा सदैव तत्पर रहि आफना लक्ष्य तिर यसरी नै प्रतिबद्ध भई अगामी दिनमा पनि प्रतिवद्ध प्रकट गर्दछौ । साथै यहाँहरूको दिशा निर्देश एवं मार्गदर्शणको सदैव अपेक्षा समेत यो संस्थाले राख्दै आईरहेका छ ।

## सबल नेपालको सांगठनिक संरचना




SABAL NEPAL
ESTD- 2062



जकर घरमे चर्पी नै, ओकर घरमे शादि नै ।


## सम्पर्क ठेगाना :

**सबल नेपाल**

राजबिराज-१, सप्तरी

फोन/फयाक्स नं.००९७७-०३१-५२३४४१

लेखनाथ आर्दश पुस्तकालय, अदालत रोंड

(बन कार्यालय अगाडि)

इमेल : info@sabalnepal.org.np

sabalnepal2062@gmail/yahoo/hotmail.com

WEB : www.sabalnepal.org.np